# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले खण्ड ७५, अतिरिक्ताङ्क २८, मिति २०८२।०६।०५ को नेपाल राजपत्रको भाग ५ मा प्रकाशित संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका भौतिक तथा मानवीय क्षतिको छानबिन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गठन सम्बन्धी जाँचबुझ आयोगको कार्यदिशमा जेनजी आन्दोलनका प्रतिनिधि र सम्मानीय प्रधानमन्त्री बिच मिति २०८२/८/२४ गते भएको सम्झौता बमोजिम सूचनाको प्रकरण २ को खण्ड (घ) पछि देहायका खण्ड (घ१), (घ२), (घ३) र (घ४) थप गरेकोले यो सूचना प्रकाशन गरिएको छ :

(घ१) यस जनआन्दोलको क्रममा भएको अत्यधिक बल प्रयोग परिणामस्वरूप गैरन्यायिक हत्या लगायतका मानव अधिकार उल्लङ्घन सम्बन्धी आरोपहरुको बिना विभेद छानबिन गरी सत्य तथ्य खोज गरी फौजदारी जवाफदेहिता वहन गर्न सिफारिस गर्ने,

(घ२) जाँचबुझ, सत्य निरूपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राखी उपयुक्त प्रक्रिया अपनाई जनआन्दोलनको प्रकृति तथा संवत् २०८२ साल भदौ २३ र २४ गतेको विशिष्ट परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गरी जनआन्दोलनको क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा सङ्गठित तरिकाले गरेका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हिंसात्मक कार्यहरुको भेदलाई पूर्वाग्रह-रहित रूपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेश गर्ने,

(घ३) कसैलाई आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजको तर्फबाट अन्य कसैले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सो सम्बन्धमा सम्बन्धित निकायबाट विवरण झिकाई सो विवरणको आधारमा यो सम्झौता भएको मितिले १५ दिनभित्र स्क्रिनिङ तथा छानबिन गर्ने,

(घ४) स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित/सङ्गठित रुपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदनबमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत/थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन नेपाल सरकारलाई सिफारिस गर्ने,

**आज्ञाले,**
**काली प्रसाद पराजुली**
**नेपाल सरकारको नि. सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द्द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।